# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-४ | अंक-४१ | २०७७ जेष्ठ ०७ गते बुधबार | 20 May 2020 Wednesday | मूल्य रू. १०/-


## 'अभिभावकको भूमिका खेल्न अध्यक्षलाई आग्रह'

मिसन न्यूज

कालिकोट

पलाँता गाउँपालिका अध्यक्ष लक्ष्मण बमलाई नेविसंघका पूर्व केन्द्रीय सदस्य अर्जुन बमले अभिभावकीय भूमिका खेल्न आग्रह गरेका छन्। केही दिनयता पालिका तनावपूर्ण बनेपछि हाल अमेरिकाको बाल्टिमोरमा बस्दै आएका अर्जुन बमले अध्यक्ष बमलाई गापाको अभिभावकीय भूमिका रहेर आन्तरिक विवादलाई समाधान गर्न सुझाव दिएका छन्।

गाउँपालिका अध्यक्ष र (नेकपा) पलाँता कमिटी अध्यक्षबीच भएको विवादले राम्रो सन्देश नदिएको भन्दै केस बमले यस्तो सुझाव दिएका हुन्। गाउँपालिका अध्यक्षका हैसियतले आफ्नो पालिकाभित्रको सम्पूर्ण दायित्व र जिम्मेवारीलाई बहन गर्नुपर्ने नेता बमको भनाई छ। कर्णाली सन्देशसँगको संक्षिप्त कुराकानीमा उनले पलाँताको विवादका बारेमा आफू चिन्तित रहेको समेत बताए। उनले भने, 'संविधान स्थापनासँग स्थानीय निकायको देशभरी चुनाव भयो। त्यस्तै पलाँतामा पनि दुई तिहाईभन्दा बढी ठाउमा पलाँताका जनताले कम्युनिस्ट पाटीलाई जिताए। धेरैको



पलाँता गाउँपालिका अध्यक्ष लक्ष्मण बम र नेविसंघका पूर्व केन्द्रीय सदस्य अर्जुन बम : मिसन न्यूज

आशा पनि जगाउनु भयो। धेरैलाई माथि पठायौं। धेरैलाई धेरै पटक भोट पनि दियौं। तर, जनताको अभिमत एकतिर पलाँताको सत्ताधारी नेकपा अर्को तिर। यतिका वर्षसम्म नजिकका पत्रकार मार्फत सस्तो लोकप्रियताका लागि समाचारलाई मात्रै ध्यान दिने कामहरु भए। गाउँपालिकामा आन्तरिक विवाद झिकेर अस्थिरता सिर्जना गर्ने काम भएको देखिन्छ।' उनले अगाडि भने, 'पलाँतालाई समाचारको माध्यम बनाइयो। आफ्नालाई संस्था दर्ता गर्न पठाइयो। कसैलाई सहकारी खोल्न पठाइयो।

**बाँकी ८ पेजमा.....**

## पत्रकारलाई लाइट जाकेट

**कालिकोट**-जिल्लामा रहेका क्रियाशिल पत्रकारहरुका लागि लाइट जाकेट वितरण गरिएको छ। कालिकोट जिल्लाको सान्नित्रिवेणी गाउँपालिका-५ का वडाध्यक्ष एवं नेपाली काँग्रेस जिल्ला कार्य समिति कालिकोटका आमन्त्रित सदस्य नरेश बमले जिल्लामा रहेका पत्रकारहरुलाई लाइट जाकेट वितरण गरेका हुन्। विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ को संक्रमण फैलिन नदिनका लागि सरकारले लकडाउन गरेसंगै जिल्लामा रहेर पत्रकारिता गर्ने पत्रकारहरुको सुरक्षाका लागि वडाध्यक्ष बमले जाकेट वितरण गरेका हुन्। लकडाउनका समयमा स्थानीय तहसंगै जिल्लामा पत्रकारले रिपोटिङमा जादा विभिन्न समस्या झेल्दै आएकाले सो समस्या




समाधानका लागि वडाध्यक्षले आफ्नो व्यक्तिगत ३० हजार लगानीमा २७ जना पत्रकारलाई जाकेट वितरण गरेका हुन्। जाकेट वितरण गर्दै वडाध्यक्ष बमले भने, 'म पनि पत्रकारिता क्षेत्रबाट आएकाले पत्रकारलाई कत्तिको असहज हुन्छ भन्ने मलाई राम्रोसंग थाहा छ, जिल्लामा रहेर पत्रकारितामा क्रियाशिल पत्रकारलाई लाइट जकेट वितरण गर्ने योजना बनाएको हुँ।'

नेपाल प्रेस युनियन जिल्ला शाखा कालिकोटको समन्वयमा वडाध्यक्ष बमले २७ जना पत्रकारलाई जकेट वितरण गरेका छन्। २०७२ सालमा गएको भुकम्पको बेला आफु पनि पत्रकार भएकाले पत्रकारको समस्यालाई नजिकबाट नियालिरहेकाले आफुले जकेट वितरण गरेको बमले बताए। उनले भने, 'मैले पत्रकारलाई आफ्नो नजिकको बनाउनका लागि जाकेट दिएको होइन्।' जिल्लामा रहेका ७ वटा रेडियोका क्रियाशिल, पत्रकार विभिन्न अनलाइन, पत्रपत्रिका र राष्ट्रिय पत्रिकामा काम गर्ने २७ जना पत्रकारलाई लाइट जकेट वितरण गरिएको हो।

## नेविसंघद्वारा प्रधानमन्त्रीलाई ज्ञापनपत्र

मिसन न्यूज

कालिकोट

नेपाल विद्यार्थी संघ कालिकोटले भारतले नेपाली भुमी मिचेको विषयमा खबरदारी गर्न प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ। बुधबार नेपाल विद्यार्थी संघ कालिकोटका कार्यबाहक अध्यक्ष जगतजंग बिष्टको नेतृत्वमा गएको एक टोलीले प्रमूख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएको हो। नेपाली भुमी फिर्ता गर्न सरकारले ठोस पहल चाल्न नसकेको भन्दै प्रधानमन्त्री ओलीको ध्यनाकर्षण गराउदै मुलुकको रक्षाका लागि सरकार संवेदनशील हुन आग्रह गरेको छ।

नेपाल विद्यार्थी संघले ज्ञापनपत्र बुझाउने कार्यक्रममा नेपाली काँग्रेस कालिकोटका सहसचिव दमनबहादुर शाहीले आफ्नो भुमी मिचिदा नेपाल सरकार कानमा तेल हालेर बसेको बताए। उनले भने, 'यो सरकार बिगतमा निकै राष्टबादी भनेर चिनिएका नेताको नेतृत्वमा भएपनि अहिले भारतसामु लम्पसार परेको छ। यस बिषयमा नेपाली कांग्रेस कालिकोट गम्भीर आप्पती जनाउँछ। प्रमूख जिल्ला अधिकारी कृष्णचन्द्र पौडेललाई ज्ञापनपत्र बुझाउदै नेबिसंघका कार्यबाहक अध्यक्ष जगतजंग बिष्टले निर्वाचनको वेला राष्ट्रियताका ठुला र खोक्रो नारा लगाउने अहिले आएर आफ्नो सत्ता जोगाउन भारत सामु



लम्पसार पर्ने यो सरकारको प्रवृतिको घोर भत्सना गरे। सरकारको यहि प्रवृतिका कारण भारतले सजिलै हाम्रो भुमि अतिक्रमण गरेको उनको आरोप छ। उनले भने, लिपुलेख हाम्रो हो। भारत तुरुन्त त्यहाँवाट फिर्ता हुनु पर्दछ। सरकारले उच्च कुटनितिक पहल गर्ने तथा सवै खाले दवाब सिर्जना गरी तुरुन्त भारतलाई गल्ति सञ्चाउन बाध्य बनाओस्। प्रमूख जिल्ला अधिकारी कृष्णचन्द्र पौडेलले आफ्नो विद्यार्थीले दिएको ज्ञापनपत्र तत्काल प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा पठाउने प्रतिबद्धता जनाए। ज्ञापनपत्र बुझाउने कार्यक्रममा नेपाल बिद्यार्थी संघका निबर्तमान केन्द्रीय सदस्य शुशीला गिरी, सचिव सविन बिष्ट, तरुण दल कालिकोटका उपाध्यक्ष चन्द्रजंग मल्ल लगायतका युवा तथा बिद्यार्थीहरुको सहभागीता रहेको थियो।


**सिंचाइ पुर्वाधार,खानेपानीको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार गरौँ । गरिबी न्यूनिकरण गरौँ ।**

**खानेपानी,सिंचाई तथा उर्जा विकास कार्यालय**

**कर्णाली प्रदेश, कालिकोट नेपाल**

# सम्पादकीय...

## विनासभन्दा विकासमा जुटौं

यातायात, संचार, शिक्षा, स्वास्थ्य, विद्युत जस्ता आधारभुत पुर्वाधारहरुको विकासले हाम्रो समाजलाई समुन्नतीको दिशा दिने कुरामा कसैको दुइमत छैन । यस्ता पुर्वाधारको विकासको लागि विभिन्न सरकारी तथा गैरसरकारी निकाय र स्थानिय स्तरबाट गरेको भगिरथ प्रयासको सराहना सबै पक्षबाट भएको छ र हुनु पर्छ।पुर्वाधारको विकास विना देशको समग्र विकास सम्भव नहुने भएका कारण नेपाल सरकार, दातृनिकाय तथा जनस्तरबाट वर्षेनी ठुलो रकम पुर्वाधार निर्माण कार्यमा खर्च हुने गरेको छ। यस्ता विकास निर्माण कार्य गर्दा विभिन्न खालका जोखिमहरु पनि उत्पन्न हुने गरेका छन। यस्ता जोखिम कम गर्नको लागि नेपाल सरकारले कुनकाम गर्दा के कस्ता प्रक्रिया अपनाउने भनेर विभिन्न खालका निति नियम, निर्देशिका र प्रक्रियाहरुको व्यवस्था गरेको छ। यि नियमहरुको पुर्ण पालना गर्दै दिगो विकासको लक्ष्य हासिल गर्ने दिशामा देश अघि बढीरहेको छ। यद्यपी बझाङ जिल्लामा यातायात संजालको विकास गर्ने क्रममा नेपाल सरकारले तय गरेका निति नियमको ख्याल नगरी काम भैरहेका कारण ठुलो वातावरणिय विनास भैरहेको कुरा जग जाहेर छ । यसै अवस्थालाई मध्यनजर गर्दै फियान नेपालले जिल्लामा अव्यवस्थित डोजर संचालनका कारण के कस्तो असर परेको छ भन्ने कुराको नमुना स्थलगत अध्ययन गर्ने काम भएको थियो । यो प्रतिवेदनमा सडक निमार्णका क्रममा खाद्य अधिकारमा परेको असरको समेटिएको छ । यस्तो समस्या नहुँन केन्द्र सरकार लगाएत सवैको भुमिका रहोस् ।

# उजुरी लिन नमान्दा चौकी घेराउ

**मिसन न्यूज**

**कालिकोट**

कालिकोटको पलाँता गाउँपालिकाका स्थानिय महिलाहरुले पिडितको उजुरि नलिएको भन्दै सयौँ महिलाहरु गाउँबाट उर्लेर प्रहरी चौकी घेरेका जनाइएको छ। मंगलबार स्थानीयले दोषीमाथि कारबाहीको माग गर्दै पलाँता प्रहरी चौकी घेराउ गरेका छन्। जिल्ला प्रहरी कार्यालय कालिकोटले पीडितको तर्फबाट उजुर लिन नमानेपछि स्थानीय आन्दोलित बनेका हुन् । आन्दोलनमा उत्रेका



छन्। जिल्लाको पलाँता गाउँपालिकाका अध्यक्ष लक्ष्मण बम, उनकी श्रीमती गोरिकला बम र भतिजा गजेन्द्र बममाथि आक्रमण गर्नेहरुको विरुद्ध दिएको उजुरी नलिएपछि नजिकैको प्रहरी चौकी घेरेका हुन्। पिडित जो सुकै भएपनि प्रहरीले उजुरि दर्ता गर्नुपर्ने भन्दै चौकी घेराउ गरेको स्थानीयहरुले अध्यक्ष बमको टिममाथि आक्रमण गर्नेहरुलाई तत्काल कारबाही गर्न र उनीहरुका विरुद्धमा दिएको जाहेरी लिन प्रहरी समक्ष माग गरेका छन् । यस्तै महिलामाथि ढुगाप्रहार गर्ने माथि कारवाही गर्न पिडितहरुले नेकपा कालिकोटलाई पनि ज्ञापन पत्र बुझाएका छन् ।

### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

रुख रोपौं,वन जोगाऔं

# जात, विभेद अनि जातीय विभेद



फत्ते परियार

जातीय विभेदको बारेमा अध्ययन गरिरहँदा सबै भन्दा पहिले जात के हो ? भन्ने कुरा बुझ्नु आवश्यक छ। त्यसपछि विभेदको बारेमा बुझ्नु पनि त्यत्तिकै महत्वपूर्ण रहन्छ। यी दुई शब्दको पूर्ण जानकारी बिना जातीय विभेदको विवेचना अधुरो हुन जान्छ । जात शब्द आफै भने जन्मनुबाट निर्मित हो, भन्ने सत्यतालाई कसैले नकार्न सकेको देखिदैन। तर वर्तमान अवस्थामा जात शब्दलाई बुझ्नको लागि दुईवटा कोणबाट हेरियो भने सहज हुन्छ भन्ने मलाई लाग्छ। ती हुन् प्राकृतिक जात र राजनीतिक जात। प्राकृतिक जात भनेको हामी जस्तो रुपमा जन्मियौ या भनौँ सम्पूर्ण ब्रह्माण्डको सृष्टि सङ्गै विभिन्न जीवहरूको पनि अस्तित्व कायम भयो। त्यही लाखौं हजारौँ जीव मध्य एक हो मानव । मानत आफैमा जात हो अथवा होइन भन्ने कुरामा मानव जात पक्कै हैन। पृथ्वीमा अस्तित्वमा रहेका र नरहेका तर उत्पत्ति भएका सबै प्रजाति मध्यको एक प्रजाति मानव हो त्यसैले यसलाई जात भन्न मिल्दैन ।

पृथ्वीमा रहेका सबै प्रजातिहरुले आफ्नो अस्तित्व कायम गर्न वंश विस्तार गर्दछन् र मानवले पनि त्यही प्रक्रिया गर्दछ। यो प्रक्रियाको लागि महिला र पुरुषको आवश्यकता पर्दछ। त्यही महिला र पुरुष नै साचो अर्थमा जात हो। प्राकृतिक रूपले हेर्यो भने जात भनेको महिला पुरुष मात्र हो ,यो दुई किसिमको हुन्छ। मानव सभ्यताको विकास सङ्गै महादेश र देशको विकास हुँदै जान थाल्यो। प्राकृतिक स्रोतहरु निश्चित सिमानामा कैद भए । सीमित प्राकृति श्रोत असीमित मानिसको सङ्ख्या हुने आंकलन गरेपछि , आफ्नो निश्चित क्षेत्रफल भित्र आफ्नो वर्चस्व कायम गर्न स्रोत परिचालनको ठेक्का तत्कालीन अगुवाहरूले आफ्नो मात्र भएको दाबी गरे । आफ्नै बलजफ्ती कुराले समाजलाई सधैं लाद्न नसकिने कुरा तत्कालीन शासकलाई पनि थियो , त्यसैले विभिन्न काम गर्नेहरूलाई तोकेर नै श्रोतको पहुंच बाट टाढा गरियो। त्यहि काम गर्नेलाई बोलाउन काम सङ्गै मिल्ने नाम राख्न थालियो , त्यही नाम समय सङ्गै जात हुन पुग्यो । दमाहा बनाउने लाई दमाहि हुँदै दमाई भयो। दमाहा बजाउने सबै दमाई भए, कुनै एक जनालाई बोलाउनु पर्दा उसको आवरण र भौतिक अवस्था हेरेर हेपेर बोलाइने गर्दथ्यो, त्यसैले अधिकांश दलितको पुर्खाहरुको नाम भौतिक आवरणमा आधारित हुन्छन् । यहाँ सम्म की नागरिकतामा के नाम छ भन्ने पनि थाहा नहुने अवस्था थियो र आज भोलि पनि समाजमा यो देख्न सकिन्छ । सबै जात काम कै आधारमा चाई छैन, तर सतहमा जे देखाए पनि यथार्थमा जात बनेकै मानिस मानिस बीच भेदभाव सुरु गर्न र एक आपसमा सानो ठूलो बनाएर लडाउन बनाएको देखिन्छ। यसरी गरिएको विभाजन नै राजनैतिक जात हो । त्यहीं कुरालाई संस्थागत गर्न जातव्यवस्था नै लागू भयो। जात व्यवस्था बिना कारण टिकिरहने छैन भन्ने सोचेर नै धर्मसँग जोडीदिए। विभिन्न जाति तथा जसले श्रम गर्न जानेका थिए , तिनीहरूलाई कहिले श्रोतसम्म पुग्न नै दिइएन फलस्वरूप उनीहरू सधैं आर्थिक अभाव मै पिल्सिरहनु पर्यो । त्यसलाई पनि सत्ताधारीहरु, धर्मको गलत व्याख्या गर्नेहरूले पूर्वजन्मको श्राप भनेर व्याख्या गरिदिए। चरम यातना र शोषणमा परेको समुदायले स्वीकार्नु को विकल्प नै थिएन। उसले पनि आफ्नो नियतिको फल भनेर स्वीकार्दै गयो। यही सोच पुस्तान्तरण हुँदै जाँदा धर्म नै बन्यो समय समयमा विभिन्न शासकले यस्तो कुसंस्कारलाई लिखित पनि गरिदिए । असमानता र भेदभावको विरुद्ध बोल्नु भनेको जात व्यवस्थाको विरुद्ध मात्र नभएर धर्मको विरुद्ध हो भनेर बुझिन थाल्यो। यथार्थ पनि के र ह्यो भने जो राज्य सत्तामा शासक थियो त्यही नै धर्मको असली ठेकेदार। यसरी पीडितहरु कहिले सत्तामा पुग्न नसक्ने व्यवस्था अनुसार विभेदपूर्ण राजनीति सुरू भयो । विभिन्न युगहरु पार गर्दै आजको युग सम्म आयो , आजको युग भन्नाले शिक्षित युग भनौं। कहीं जयस्थिति मल्लले सुरु गरेको भनिन्छ त कहीं कतै द्रव्य शाहले, तर २५०० वर्ष पहिले शाक्य वंशको राजकुमार सिदार्थ गौतम पनि जातपातको कुराले पनि बुद्धत्वको खोजीमा निस्केको भन्ने गरेको देखिन्छ। तर जहिले देखि सुरु भए पनि यो यथार्थ के हो भने प्रकृतिको श्रोत आफूले मात्र उपयोग गर्नको लागि तत्कालीन अवस्थाको बलियो अहिलेको टोले गुण्डा जस्तोले गरिएको विभाजन नै हो। मनुस्मृति लाई हेरियो भने पनि त्यही देखिन्छ, जहाँ चार वर्ण मध्यको सबै भन्दा उच्च मानिएको ब्राह्मणलाई श्रोत परिचालनको सबै अधिकार हुनुले सत्तालाई नै केन्द्रित गरेको छ। सबै वर्णलाई ठूलो देखि सानो क्रममा राख्दा बडो चातुर्यका साथ त्यसभित्रको जातलाई पनि त्यसरी नै राखेको देखिन्छ, जुन वर्ण या जातहरु स्वयं आफू कहिले मिल्न नसक्ने अवस्थाको सिर्जना गरिएको छ ।

१९१०को मुलुकी ऐन हेर्दा पनि त्यही हो, जहानियाँ शासनको प्रवर्तक मानिएको जङ्ग बहादुर जस्तो क्रुर तानाशाहले जातीय तथा वर्गीय किसिमको विभेदको क्रान्तिकारी छलांग मारेको होला की भनेर खोज्नु , सायद समयको बर्बादी मात्र होला जस्तो लाग्छ। यद्दपि हामीले इतिहासलाई पल्टाउदै पर्छ। यसरी विभिन्न कालखण्डलाई केलाएर हेर्दा आफ्नो व्यक्तिगत या समुदायको निहित स्वार्थ प्राप्तिको लागि कामको आधारमा विभाजन गरिएको भन्ने पुष्टि हुन्छ । कामको मात्र नभएर काम भित्र पनि सानो ठूलो काम भनेर भ्रम छर्नुले काम गर्ने बीच उच्च निचको भाव पैदा गरिदिएको देखिन्छ। विभिन्न विद्वानहरुले भनेकाछन् की जात भनेको कामसँगै कामदारको पनि विभाजन हो। यो सत्य पनि हो। समग्रमा हेर्यो भने राज्यसत्तामा हुनेहरुले आफ्नो सत्ता टिकाई रहन , श्रम शोषण गरिरहन , विभाजन लाई स्थाइ रूप दिन र अन्य समुदायलाई सत्तासम्म पुग्न नदिनको लागि आपसमा लडाउन गरिएको जालसजिपूर्ण विभाजन नै जात हो । ‘विभेद शब्दको अर्थ भेदभावपूर्ण व्यवहार गर्नु, भन्नु, लेख्नु र सोच्नु हो । सामान्यतः समान भनिएका मानिसहरु, वस्तुहरू तथा उस्तै देखिने कुनै पनि कुरामा प्रकट हुने पक्षपाती विचार, आफ्नो बिरानो सोच्ने विचार, काखा र पाखा गर्ने सोच र जसरी पनि फरक देखाउन खोज्ने मनोविज्ञान नै विभेद हो। जबसम्म हाम्रो मानसपटलमा म वरिष्ठ, मेरो सबै भन्दा उत्कृष्ठ भन्ने चेतनालाई मेटाउन सक्दैनौ तबसम्म विभेदको कुनै न कुनै अंश समाजमा रहिरहन्छ । हाम्रो समाजमा विभेदले जरा गाडेको छ । समय र परिस्थिति अनुसार विभेद पनि फरक फरक रुपमा देखिन्छ । हाम्रो देशमा विभेद यति किसिमको छ भन्न सकिने अवस्था छैन। हरेक ठाउँमा विभेद छ, तर कति विभेद अहिले स्वीकार्य पनि भएको देखिन्छ भने कति मानवता विरोधी छन्। यद्दपि विभेद आफैमा भने गलत र दण्डनीय अपराधको रुपमा नेपालको संविधान र कानुनले स्पष्ट पारेको छ। विभेदकै कारण ज्यान गुमाउनेको संख्या पनि कम छैन, तर पनि राज्यले त्यति चासो दिएको देखिदैन। किनकि हरेक विभेदको कारण ज्यान जाँदा न्यायको लागि आन्दोलन स्वरूप बन्द हडताल गर्नु पर्ने अवस्था चलिरहेको छ। जहिले पनि कुनै विभेदको घटना घट्दा आन्दोलन गर्नै पर्ने नियति बनी सकेको छ । यसको स्पष्ट कारण भनेको की कार्यपालिकाको नियतमै खोट छ। कि उ सुतिर हेको छ, वा उ यति लाचार छ कि हतियार आफ्नो स्वविवेकले चलाउन सक्दैन। अन्यथा ऊ स्वयम् विभेदको सर्जक हो। सबै विभेद दण्डनीय अपराध हुन त्यसमा कुनै फरक मत छैन तर यहाँ जातलाई विभेदसङ्ग जोडेर लेखिरहँदा, जातीय विभेद के हो र कसरी हुन्छ भन्ने कुरामा केन्द्रित हुँदा लेखले सार्थकता पाउला भन्ने लाग्छ। हामीले जातलाई दुई आधारमा बसेर हेरिरहँदा, पाकृतिक जातमा कुनै समस्या छैन किन भने यो व्यवहारमा छैन। यति भनिरहँदा महिला पुरुषमा विभेद छ भन्ने लाग्न सक्छ, त्यहाँ पनि कारण छ। सबै कुरामा शोषण गर्ने राज्य सत्ताले आफूलाई मात्र सर्वगुण सम्पन्न देखाउन अरूलाई नै गलत देखाउनै पर्थ्यो र यो उसको चरित्र पनि हो । सबैलाई आफू भन्दा फरक र तल्लो अवस्थामा देख्ने राज्य सत्ताले आफ्नो घरमा पनि फरक देख्न थाल्यो ।

इतिहास पल्टाउनु भयो भने राजा महाराजाहरुले धेरै रानीहरु राख्नु यसको सबै भन्दा ठूलो प्रमाण हो। ठूलो मान्छेले धेरै बिहे गर्न पाउनु र अनैतिक रुपमा सम्बन्ध कायम गर्नुले तत्काल राज्य सत्ताले महिला हरुलाई कसरी बुझेको थियो आफै कल्पना गर्नुहोला। यो कुरालाई पुष्टि गर्न मसँग धेरै शब्द छन् तर ती शब्द प्रयोग गर्नु सही हुँदैन , बरु पाठक ले आफ्नो स्वविवेक ले बुझ्नु नै सही हो भन्ने लाग्छ। तत्कालीन राज्य सत्ताले आफूलाई अप्ठ्यारो पार्ने कुनै पनि कुरालाई यसरी विभाजन गरिदिएको छ कि मानौं त्यो कहिले पनि जोडिदैन । जुन अवशेष आज पनि देख्न सकिन्छ । राजनैतिक जात भित्र प्राकृतिक जातलाई पनि छिराएर अत्याचार गरेको छ । त्यो बेलाको राज्य सत्ताले आफूलाई अमर बनाउन सके जातिको प्रयास गरेको देखिन्छ, केही हद सम्म सफल मान्न पनि सकिन्छ किनकि अहिलेको समयमा पनि त्यही राज्य सत्ता विरासतमा छ । काम , स्थानान्तरण र यस्तै विभिन्न कारणले जात निर्माण गरे पछि विभेदको बीउ रोपियो । त्यही भित्र पनि काम सानो र ठूलो भनेर फेरि अर्को बीउ सङ्गै रोपियो। सत्तामा हुने हरुको काम त्यसै पनि ठूलो हुने भयो किन कि त्यो काम सानो भयो भने अरूले उनीहरूलाई टेर्ने अवस्था रहने पनि थिएन । त्यसैले सबै भन्दा ठूलो काम सत्तामा हुनेहरूको भयो, त्यही क्रममा सत्तामा जति पहुंच थियो त्यतिनै काम ठूलो हुने भयो । कामको प्रकृति हैन सत्ताको पहुंच सङ्ग जोडियो। यति भनिरहँदा ब्राहमण त सत्ता सञ्चालनमा थिएन कसरी सबै भन्दा ठूलो भयो भन्ने लाग्न सक्छ त्यसको कारण थियो तत्कालीन राज्य धर्ममा आधारित थियो , ब्राह्मण भगवानको १३ दिने गोत्यार नै भए पछि अघिल्लो स्थानमा नहुने कुरा नै भएन । अघिल्लो स्थानमा आफूलाई राख्न ब्राह्मणलाई त्यति सहज थिएन तर त्यहि कुरा बुझेर राजालाई विष्णुको अवतार भनियो। राजा स्वयं विष्णुको अवतार भए पछि भगवान नै भयो । राजालाई भगवानको दर्जा दिएर आफू मानिसभित्र सबै भन्दा ठूलो भएको र आफू भगवानको सच्चा पालक भएको घोषणा गर्दै गयो। आफ्नो सबै भनाइ भगवानको भनाइ भएको भनी दुष्प्रचार गर्यो । धर्मको आडमा अन्याय र अत्याचार थोपार्दै गयो। हामीले सोच्नु पर्ने कुरा के साच्चै राजा विष्णु कै अवतार हो त ? समय बित्दै गयो, राज्य सत्तामा त्यही विरासत पुस्तान्तरण हुँदै गयो भने समाजमा त्यही विभेदित नियम कानुन। आज सम्म आइपुग्दा त्यही विरासत छ, त्यही कानुन । कागजी रुपमा सबैलाई बराबर देखाउने संविधान बन्यो, कानुन बन्यो। तर व्यवहारमा आउन सकेको छैन किन भने राज्य सत्ता त्यही विरासत हो । बरु हिजो सम्म अर्काको काधमा बन्दुक राखेर चलाउने ले आज गणतन्त्र आएपछि आफै चलाउन थालेको छ । त्यसैले आज फेरि पहिलेको जस्तै अत्याचार गर्न थालिएको छ । किन कि संविधान र कानुनले हामी सबैलाई एउटै भनेको छ । यस्तो अवस्थामा राज्य सत्ता सङ्ग एउटा मात्र हतियार छ त्यो हो दमन जसरी पनि हामीलाई कायल पार्नु पर्छ भन्ने सोच उसमा विकसित भएको छ। त्यसैले उसले अहिले कुनै नियम कानुन हेर्दैन दमन मात्र गर्ने गर्छ ।

उसलाई लागेको छ दमनले फेरि पहिलेको ठाउँमा फर्किन सकिन्छ। सर्वसत्तावादी लालचले राजालाई मार्न सघाउने ब्राह्मणवाद आज आफ्नो काधमा बन्दुक राख्न डराइरहेको छ, त्यसैले ऊ राजा फर्काउने कुरा पनि गर्छ। तर यति भनिरहँदा राजा सही भन्ने अभिप्राय हुँदै होइन, आफ्नो वरिपरि के छ भनेर नदेख्ने अन्धो राजा पनि कदापि सही थिएन। आफूलाई विष्णुको अवतार भनिदिदा अरूलाई मानिस नै नदेख्ने राजालाई किमार्थ सही मान्न सकिन्न। कामलाई जात बनाइयो र जातलाई विभेद किन गरियो ? काम भन्ने बित्तिकै आम्दानीको श्रोत , र समग्र समाज विकासको पहिलो खुड्किलो हो। काम गर्ने लाई तल्लो स्थानमा राख्दा मानसिक रुपमा कमजोर बनाउन सकिन्छ । मानसिक रुपमा कमजोर जो कोही भौतिक रुपमा जति नै बलिष्ठ भए पनि त्यो बलको सही प्रयोग हुन सक्दैन भन्ने बुझाइ स्वरूप तल्लो स्थानमा राखियो। यदि यस्तो गरिँदैन थियो भने आज सबै भन्दा धनी तत्कालीन पेशाकर्मी नै हुने थिए । यो कुरालाई पनि बडो चलखि पूर्वक राज्यले काम गर्ने मानिसले जमीन राख्न नपाउने र नपर्ने खान लाउन आफै दिने भनेर फकाएको वा लादिएको देखियो । सबै किसिमको विभेद कानुनी रुपमा दण्डनीय हुन भनेर कानुनले स्पष्ट व्याख्या गरेको छ। समाजमा घटेका विभिन्न विभेदको घटनालाई विभिन्न बहानामा गाउँ समुदायमा मिलाउन खोज्नुले सत्ताको नियत सहजै

# आँखामा कालोपट्टी बाँधेर विरोध प्रदर्शन

मिसन न्यूज
कालिकोट

सिमा रक्षाको माग गर्दै अनेरास्ववियु कालिकोटले आँखामा कालोपट्टी बाँधेर विरोध प्रदर्शन गरेको छ। पुर्वाअञ्चल विश्वविद्यालयका नेता हिक्मत मल्लको नेतृत्वमा आँखामा कालोपट्टी बाँधेर मान्म बजारको प्रतिमाचोकदेखि जिल्ला प्रशासन कार्यालय अगाडि पुगी नेपालको सार्वभोमसत्ता र भौगोलिक अखण्डतामाथि हस्तक्षेप गर्ने भारतीय विस्तारवाद विरुद्ध स्वस्फुर्त चेतलशील नागरिकको रचनात्मक धार्ना गरी विरोध गरेका हुन्। युवा नेता मल्लले, राष्टिय स्वाधिन्ताको पक्षमा निरन्तर आवाज उठाइरहने अनुरास्वियु फेरि पनि नेपाली भुमिमाथिको भारतको दादागिरिका विरुद्धमा ज्यान फालेर नेपालको भुमि ल्याउन संर्घष गरिरहने बताए। यस्तै कालिकोटमा विभिन्न पार्टी र भातृ संगठनहरुले पनि विरोध प्रर्दशन गरेका छन्।




नेत्रविक्रम चन्दविप्लव नेतृत्वको नेकपाले पनि भारतीय प्रधामन्त्री नरेन्द मोदीको पुत्ता जलाएका छन्। यस्तै नेपाल मजदुर किसान पार्टी र नेविसंघले पनि भारतीय विस्तारवाद विरुद्ध कालिकोटमा विरोद्ध प्रदर्शन गरेका छन्। देशका विभिन्न ठाउँमा पनि प्रदर्शन गरिएको छ।







## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

# घटनामा संलग्न प्रहरी नियन्त्रणमा

**मिसन न्यूज**
**कालिकोट**

जिल्लाको पलाँता गाउँपालिका अध्यक्ष लक्ष्मण बहादुर बम र उनकी पत्नी गोरिकला बममाथि आक्रमण गर्ने नेकपाका स्थानीय नेता विष्णु रोकाया र मान बहादुर भण्डारीलाई कालिकोट जिल्ला प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालयमा अध्यक्ष बमका दाई लंकबहादुर बमले प्रहरीमा उजुरी दिएका थिए। तर, कालिकोट जिल्ला प्रहरी कार्यालयले नेकपाका केही नेताको दाबाबमा मुद्दा दर्ता गर्न मानेका



थिएनन् । अध्यक्ष बम माथि आक्रमण गरेका कारणले नेकपा कालिकोटले रोकाया, र भण्डारीलाई पार्टीबाट निलम्बन गरिसकेको छ।

घटना छानविनको लागि नेकपा पार्टीको तर्फबाट कालिकोटका सदस्य खड्गराज सेजुवालको संयोजगत्वमा जिकससक चन्द्र ब शाही र जिकसस क अग्र विष्ट रहने गरी तिन सदस्यीय छानवीन कमिटी गठन गरिएको छ । उक्त समितिले १५ दिनभित्र जिल्ला पार्टीमा प्रतिवेदन बुझाउने र त्यसपछि आवश्यक निर्णय लिने नकपा कालिकोटले जनाएको छ।

उनले छानवनि गरी जिल्लामा वुझाउने रहेका छन्।


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**रास्कोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# सुर्खेतमा कोरोना संक्रमण भेटिए

मिसन न्यूज
कालिकोट

कर्णाली प्रदेशमा पनि एकजनामा कोरोना संक्रमण पुष्ठि भएको छ । भारतको आग्राबाट आएका आठबीस नगरपालिका वडा नं. १ सात्तालाका एक पुरुषमा कोरोना पुष्ठि भएको हो। ती पुरुषको पिसिआर परिक्षण गर्दा रिर्पोट पोजेटिभ देखिएपछि प्रदेश अस्पताल कालागाउँले पुर्नपुष्टिको लागि नमूना नेपालगञ्ज पठाएको थियो। नेपालगन्जमा पनि कोरोना पोजेटिभ देखिएको हो । अस्पताल श्रोतका अनुसार कोरोना संक्रमणको आशंका गरि एका ती युवा ४५ दिन भारतको बनबासामा बसेर आएका र उनलाई आठबीस नगरपालिकाले उद्धार गरेर जेठ एक गते आठबीस ल्याएको थियो। उनी लक्ष्मी माध्यमिक विद्यालयमा निर्माण गरिएको क्वारेन्टाईनमा बस्दै आइरहेका छन् । उनीसँगै अन्य ३८ जना युवाहरु पनि क्वारेन्टाईनमा बस्दै आइरहेको वडा अध्यक्ष पर्वसिंह विश्वकर्माले बताए ।





## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# बाँझो जमिन राख्न नदिने केन्द्र सरकारको अभियान

मिसन न्यूज
काठमाडौं

राष्ट्रपति विद्यादेवी भण्डारीले खेर गइरहेको जमिनलाई प्रयोगमा ल्याउन अभियान सञ्चालन गर्ने सरकारले नीति लिएको बताएकी छिन् । सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै उनले १० वर्षमा उत्पादन दोब्बर गर्नका लागि व्यवसायीककरण र आधुनिकीकरणमा जोड दिइएको बताइन् । त्यसका लागि कृषिमा लगानी गर्ने उनले बताइन् । उनले मुलुक कोरोना नदोहोरिने गरि कार्यक्रम सञ्चालन गरिने सरकारले नीति लिइने बताइन् । हरेक किसानलाई स्थानीय तहमार्फत सुचीकृत गर्ने र कृषि अनुसन्धान सम्बन्धी विद्यमान व्यवस्थालाई स्तरोन्नती गर्ने उनले बताइन् । इसेन्टरबाट कृषकलाई सहभागी गराई उत्पादनमा वृद्धि गर्ने व्यवस्था मिलाउने बताउँदै उनले कृषिलाई आयमुलक र मर्यादीत पेसाको रुपमा विकास गरिने बताइन् । विदेशबाट फर्केका युवालाई



भाइरसको चपेटामा परेको कारणले विकास गतिमा धक्का पुगेको बताइन् । आर्थिक क्रियाकालपमा सुधारका लागि कृषि उत्पादनमा जोड दिनुपर्ने बताउँदै उनले बेरोजगारीलाई रोक्नका लागि व्यवसायीक कृषि र उत्पादन मुलक सेवाका कार्यक्रम परिचलान गर्ने बताइन् । खेर गएको जमिनलाई उपयोगमा ल्याउने बताउँदै उनले रासायनिक मल र उन्नत बीउको वितरण तथा सिंचाई क्षेत्रको पनि विस्तार गर्ने बताइन् । धान, मकै आलु लगायतको उत्पादनमा वृद्धि भएको बताउँदै उनले अगामी आर्थिक वर्षमा थप आधुनिकीकरण, व्यवसायीककरण र यान्त्रिककरण मा जोड दिई उत्पादनमा जोड दिइने बताइन् । कृषि आधुनिकीकरण परियोजनालाई प्रमुख कार्यक्रमको रुपमा देशभर विस्तार गरिने बताउँदै उनले कृषि उत्पादनसँग सम्बन्धित अन्य कार्यक्रम कृषिमा आकर्षित गर्नुको साथै कृषिका पूर्वाधारको विकास गर्ने बताइन् । वास्तविक कृषकलाई अनुदानको व्यवस्था मिलाउनुको साथै एउटा क्षेत्रका लागि एकै क्षेत्रबाट अनुदानको व्यवस्था मिलाउने उनले बताइन् । उच्च मूल्यका कृषि वस्तु उत्पादनका लागि कृषकहरुलाई प्रोत्साहित गर्ने बताउँदै उनले उपयोगविहिन सरकारी जमिनमा फलफूल रोप्ने कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गर्नुका साथै बाँझो जमिनमा बाली लगाउन कृषकलाई प्रोत्साहित गर्ने बताइन् । अर्गानिक खेतीका लागि कृषकलाई प्रोत्साहित गर्नुको साथै कृषियोग्य जमिनको माटो नियमित परीक्षण गरिनुको साथै माटोको प्रकारको बारेमा कृषकलाई जानकारी दिइने उनले बताइन् । कृषकले लागतको आधारमा उचित

बाँकी ८ पेजमा.....

# इटलीमा जुनदेखि यात्रा अनुमति दिने

एजेन्सी
इटली

इटलीले आगामी महिनादेखि विदेश जान र आउनका अनुमति दिने घोषणा गरेको छ । स्थानीय समय अनुसार शुक्रबार राति इटालीको मन्त्रिपरिषद्को निर्णयमा इटाली भित्रको यात्रामा पनि प्रतिबन्ध हटाइनेछ । बासिन्दालाई फेरि एकपटक स्वतन्त्र रुपमा एक क्षेत्रबाट अर्को स्थानमा जान पाउने अनुमति दिइनेछ । मे १८ मा अन्त्य हुने गरी अवागमनमा लगाएको




प्रतिबन्धहरू १२ हप्ताभन्दा पछि हटाइनेछ । इटली युरोपमा फैलिएको कोरोनाभाइरसको प्रकोपको केन्द्रबिन्दु बनेको थियो । सङ्क्रमण नियन्त्रणका लागि यसले युरोपमा सबैभन्दा कडा मानिएको अनावश्यक यात्रामा प्रतिबन्ध लगाउँदै आन्तरिक तथा बाह्य सिमाना बन्द गरेको थियो । जसको शुरूमा यूरोपेली मुलुकहरूमा आलोचना पनि भएको थियो तर इटलीले बन्दाबन्दी नै सङ्क्रमण रोक्ने उत्तम उपाय रहेको ठहर गर्दै लामो समयसम्म आवागमन तथा व्यापारिक गतिविधिमा समेत रोक लगाएको थियो । इटालीले पहिलो पटक मार्च १० मा लागू भएको घरेलु लकडाउनका सर्तहरू बिस्तारै सहज गर्दै गएको छ । जुन ३ को परिवर्तन अन्तराष्ट्रिय आवागमन लाई खुलाउने पहिलो कदम हुनेछ । इटलीमा दुई लाख २३ हजार ८८५ सङ्क्रमित भएका छन् भने ३१ हजार ६१० व्यक्तिको मृत्यु भएको छ । यहाँ एकलाख २० हजार २०५ जना निको भएर घर फर्किएका छन् । इटलीभरी अझै ७२ हजार ७० व्यक्तिले सङ्क्रमणका कारण उपचार सेवा लिइरहेका छन् । यीमध्ये ८०८ जनामा गम्भीर स्वास्थ्य समस्या देखिएको छ ।

**सम्पूणमा अनुरोध**

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुघर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुघर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# साताको भाग्यफल

| | | |
|---|---|---|
| | मेष : | शुभ समाचार सुन्न पाइनेछ । राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ । बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । वाहन लाभको योगपनि छ । मध्य सातामा नजिकका व्यक्तिबाट कार्यमा बाधा आउनेछ । |
| | वृष : | कार्य सम्पादनमा समस्या आउला । नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुँदैन । वैदेशिक क्षेत्र कमजोर रहनेछ । सामान हराउने वा चोरी हुने भयछ । साताको अन्त्यमा रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । |
| | मिथुन : | यो साता सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । रमाइलो यात्राको योग रहेको छ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । वाहन लाभ पनि हुनेछ । मध्य सातामा विचार पुर्याएर निर्णय लिनु राम्रो होला । |
| | कर्कट : | यो साता रोकिएका अधूरा काम पुनः सुरु हुन सक्छन् । धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । ठुला व्यक्तिले तपाईको मेहनतको प्रसंसा गर्नेछन् । मित्र जनको साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुनेछ । फलदायी यात्रा र शुभकार्यको चर्चा चल्नेछ । |
| | सिंह : | यो साता शुभकार्यको चर्चा चल्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ । बन्धुबान्धव र दाजुभाइको सहयोग लिनसकिनेछ । लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । |
| | कन्या : | यो साता मनमा वैराग्यको भावना पलाउन सक्छ । नियमित खर्चसमेत बढ्ने योग छ । व्यवसायमा मन्दी आउनेछ । सामान हराउने वा चोरी हुने सम्भावना छ । सोमवारबाट धन र व्यवहारमा फाइदा हुनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| | तुला : | अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभ कार्यमा सरिक भाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । चिताएको कामले तीव्रता लिनेछ । अतिथिका रूपमा सम्मान पाइनेछ । साताको अन्त्यमा घरायसी कामधन्दाका लागि खट्नु पर्नेछ । झंझटीलो कार्यमा समय खेरा जाला । |
| | वृश्चिक : | यो साता धार्मिक र सांस्कृतिक र शुभ कार्यमा सरिक हुने सम्भावना छ । स्वादिष्ट भोजनपनि पाइनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । आफन्त संग रमणीय र सुखद् यात्राको योग छ । मध्य सातामा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । एक किसिमको निरसतापनि आउन सक्छ । |
| | धनु : | यो साता नयाँ र शुभकार्यको चर्चा चल्नेछ । कामगर्ने जोश,जाँगर र हिम्मत बढ्नेछ । मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । तिर्थाटनको योगपनि रहेको छ । साताको अन्त्यमा ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । |
| | मकर : | स्फूर्ति र उमङ्गको कमी हुनेछ । कार्मक्षेत्रपनि घर्षशील रहनेछ । सौन्दर्यतामा धन खर्चपनि हुनेछ । जीवनसाथी संग राय बाजिनेछ । विहिवारबाट अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्यहरू सम्पादन हुन सक्छ । |
| | कुम्भ : | बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ । व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ रोकिएको धन हाता पर्न सक्छ र सुखद् यात्राको योगपनि छ । |
| | मीन : | यो साता आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । धार्मिक,सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ । वाणिज्य क्षेत्रबाट विशेष लाभ रहनेछ । परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुनसकिनेछ । |

## अभिभावकको भूमिका खेल्न................

गाउँपालिका अध्यक्ष नीजि शिक्षा र यतीायतको विरोध गर्ने तर, आफैले नीजि हस्पिटल खोल्न तिर लाग्नु भयो। अलि पहिलेसम्म सत्ताको आडमा सबै मिलेरै धन्दापानी चलेकै थियो। जनता पनि चुप बसकै थिए। तर, पछिल्लो समयमा आन्तरिक विवाद सडकमा आफै पोखिएको छ । यसमा सम्बन्धीत सबै जिम्मेवार बन्नुपर्छ। कानून, नियम, व्यवस्थाका आधारमा चल्नुपर्छ। उत्पन्न विवाद समाधान गरेर गापाको विकासमा एकजुट भएर लाग्नुपर्छ ।' नेता बमले विश्व मावन जगत यतिबेला कोरोनाबाट त्राहिमाम बनेको बेलामा कोरोनाबाट कसरी बाच्ने र बचाउने भन्दा पनि अन्तै ध्यान दिएको आरोप लगाएका छन्। उनले भने, 'कोरोको महामारी तर्फ ध्यान नदिएर महामारीका बेला पनि मालामाल बन्न खोज्ने ? अनियमितता गर्ने, नीतिगत तथा मिलजुली भ्रष्टचार जस्तो आर्थिक अनुसाशनहिन काम गर्ने? विकासका नाममा बार्गेनिङ गर्ने ? तपाईंहरुलाई पलाँतीजनता र प्रतिपक्ष कांग्रेसले कति सहयोग गरेको रहेछ ? एक छिन सम्झनुहोस्। अन्त्यमा, फेरी पनि भन्छु,गाउँपालिका अध्यक्षको बाँकी कार्याकाल सफल बनाउन र गाउँपालिकाको विकास, स्थायित्व, स्थिरता र सहभागिताका लागि जिम्मेवार बन्नैपर्छ ।

बदला लिने र एक आपसमा लडाउने भिडाउने काम हुनु राम्रो होईन ।' त्यस्तै गत शनिबार गापा अध्यक्ष बम र उनकी पत्नी गोरिकला बममाथि आक्रमण गर्ने नेपाल कम्यूनिष्ट पाटी (नेकपा) पलाता गाउँपालिकाका कमिटीका अध्यक्ष इन्द्र रोकाया र सोही गाउँपालिका-१ का वडाध्यक्ष मानबहादुर भण्डारीलाई नेकपाले पार्टीबाट निलम्बन गरेको छ। सडक निर्माणको विषयमा छलफल गने क्रममा विवाद हुँदा गापा अध्यक्ष र उनकी पत्नी गोरिकलामाथि ढुङ्गा प्रहार गरी घाइते बनाएको भन्दै गाउँपालिका कमिटीक अध्यक्ष रोकाय र वडा अध्यक्ष भण्डारीका विरुद्ध जाहेर परेपछि नेकपा कालीकोटले दुवै जनालाई निलम्बन गरेको हो ।

## बाँझो जमिन राख्न नदिने.................

मूल्य पाउने वजारको व्यवस्थान गर्नुको साथै कृषकले बाली लगाउनुपूर्व त्यसको समर्थन मूल्य तोक्ने उनले बताइन्। अण्डामा आत्मनिर्भर भएका बताउँदै उनले माछा मासु लगायत अन्य कुरामा पनि आत्मनिर्भरको नजिक रहेको बताइन् । पोषणयुक्त आहार उत्पादन गर्ने बताउँदै उनले पहाड र तराईमा गाई, भैसी, भोडा, चाङ्गाको उत्पादनमा जोड दिइने बताइन्। पशुबाट सार्ने रोगलाई नियन्त्रण गर्न क्वारेन्टाइनको व्यवस्था गरिने पनि उनले बताइन् । कृषि शिक्षाबाट प्राप्त गुणलाई उपयोग गर्ने बताउँदै कृषिका हरेक क्षेत्रमा प्राविधिक कृषक परिचालन गरिने बताइन्। कृषि उपजको मूल्य शृङ्खलाको व्यवस्था गर्नुको साथै संघ, प्रदेश र स्थानीय तहको मूल्यलाई समायोजन गरिने उनले बताइन्।जलवायु परिवर्तन र प्राकृतिक विपदबाट बच्न विभिन्न कार्यक्रमको संचालन गर्नुको साथै भूमि र प्रविधिको मार्फत भूमि बैंकको व्यवस्था गरिने उनले बताइन्।

## जात, विभेद अनि जातीय..................

बुझ्न सकिन्छ। सामान्यत: कुनै पनि व्यक्तिको मौलिक हकलाई अर्को व्यक्तिले हनन गर्नु विभेद हो।

यदि त्यस्तो क्रियाकलापमा जातलाई नै आधार मानिएको छ भने त्यो जातीय विभेद हो। समाजमा जातीय विभेदलाई एक ,दुई, तीन , भनेर गन्न सकिने अवस्था छैन। तर पनि राज्य सत्ता मौन छ। किन कि सत्ता पनि त्यही चाहन्छ जे समाजमा भइरहेको छ । यसरी हेर्दा हामी सङ्ग दुईओटा मात्र बाटो देखिन्छ। प्राकृतिक जातलाई मान्ने हो भने सबै महिला पुरुषको जातमा सीमित हुनु पर्दछ। राजनैतिक जातलाई मान्ने हो भने हामी जस्ता उपेक्षित, विभेदित, शोषित पीडित सबै समुदाय जो सधैं राज्यको पहुंच भन्दा धेरै टाढा रहेको छन् तिनीहरूले राज्यको सत्तामा पुग्नु पर्छ ।


### स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

शुभकालिका गाउँपालिका
कालिकोट
कर्णाली प्रदेश, नेपाल

### बेस्ट कर्णाली मिडियाद्वारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता
- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

### 'भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ।

सर्पक ठेगाना
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

**नोबेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उत्तम उपायहरु:**
- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत